**<u>शर्तहरुः</u>**

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समयः २०८२/०५/२९,अपरान्ह १२:०० बजे भित्र।

२. बोलपत्र बुझाउने अन्तिम मिति र समयः २०८२/०५/२९ गते अपरान्ह १२:०० बजेसम्म।

३. बोलपत्र खोल्ने मिति र समयः २०८२/०५/२९ गते दिउँसो १:०० बजे।

४. E-GP मार्फत बोलपत्र खरिद गर्दा यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक,फर्पिङ्ग शाखामा रहेको खाता नं.१२००१००३०१०१०००२ मा **sutrarevenue.fcgo.gov.np** मा खोली आफ्नो **ID Create** गरी राजश्व भुक्तानीमा गई अन्य प्रशासनीक सेवा शुल्क शीर्षक छनौट गरि रसिद प्रिन्ट गरि बैंक दाखिला गर्न सकिनेछ तथा बोलपत्र खरिद दस्तुर **connect IPS** बाट सोझै जम्मा गर्न पनि सकिनेछ ।

५. बोलपत्रको शूल्क रु.३,०००/- कायम गरिएको छ।

६. प्रत्येक कपडाको हकमा बोलपत्र खरिद दाताहरुले दरभाउपत्र खोलिने मिति र समयमा तपशिल बमोजिमको कपडाको नमूना सिलबन्दी गरि यस कार्यालयमा बुझाउनु पर्नेछ वा कार्यालयले माग गरेको समयमा कार्यालयमा पेश गर्नु पर्नेछ ।नमूना कपडा फिर्ता हुने छैन ।

<u>तपशिल</u>

| क.सं. | विवरण | ईकाइ | परिमाण |
|---|---|---|---|
| १. | पुरुष दौरा/ सुरवाल | मिटर | १ |
| २. | पुरुष जरी कोट कपडा | मिटर | १/२ |
| ३. | पुरुष ढाका टोपी | थान | १ |
| ४. | महिला साडी | थान | १ |
| ५. | महिला चोली कपडा | मिटर | १/२ मिटर |
| ६. | महिला चोली भित्री कपडा | मिटर | १/२ मिटर |
| ७. | पछ्यौरा | थान | १ |
| ८. | पेटीकोट कपडा | मिटर | १/२ मिटर |

७. खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । बोलपत्र खोल्ने दिन र समयमा फर्म,कम्पनी प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारीक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ । तर सिलबन्दी दरभाउ पत्र वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

८. बोलपत्र बापत तोकिएको धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखाको धरौटी खाता नं. १२००१००३०३००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले

कम्तिमा ९० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

९. बोलपत्र **E-GP System** मार्फत खरिद गर्दा तपशिल वमोजिमको कागजात संलग्न हुनुपर्नेछः-

i. कम्पनी वा घरेलु/ वाणिज्य दर्ता तथा नविकरण समेतको प्रमाणपत्रको छाँयाप्रति

ii. PAN/ VAT मा दर्ता प्रमाणपत्रको छाँयाप्रति

iii. आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको छाँयाप्रति

iv. स्थानीय निकायमा व्यवसाय दर्ता तथा नविकरण समेतको प्रमाणपत्रको छाँयाप्रति

v. कालो सूचिमा नपरेको स्व-घोषणाको पत्र

vi. बैंक धरौटी दाखिला रसिद वा बैंक जमानत पत्र ।

vii. बोलपत्र खरिद रसिद ।

१०. अन्य कुराहरु प्रचलित ऐन कानुन बमोजिम हुनेछ। कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको निर्णय अन्तिम मानिनेछ।